# भूमि सम्बन्धी समस्या समाधान आयोग

## भूमिहीन दलित र भूमिहीन सुकुम्बासीले पेश गर्नु पर्ने निबेदन भर्ने /भराउने तरिका :

| सी. न. | विषय | उत्तर /के गर्ने | कैफियत |
|---|---|---|---|
| १ | दर्ता (कोड) नं. | दर्ता कोड नं. निवेदकले भर्ने हैन । यो वडामा निवेदन दर्ता भएपछि भर्ने नम्बर हो । वडामा भूमिहिन दलित र भूमिहीन सुकुम्वासीको लागि एउटा र अव्यवस्थित बसोवासीको लागि अर्को रजिष्टर वा संख्या कम भएमा एउटै रजिष्टरमा आधा आधा गरी दर्ता रजिष्टर राख्नु पर्नेछ । निवेदन फाराम वडा अध्यक्षले प्रमाणीत गरिसकेपछि दर्ता गरी क्रमश भूमिहनि दलित र भूमिहीन सुकुम्वासीको ०००१ बाट क्रमश दर्ता नम्बर लेखिदैं गईन्छ । यि हरेक दर्ता नम्बरको अगाडि भूमिहिन दलित भए BD र भूमिहीन सुकुम्बासीको लागि BS लेखिन्छ ।त्यसपछि वडा न र दर्ता नम्बर लेख्ने जस्तै BD /१/०००१ BS/१/००१ | लगत संकलकले आफूले भरेका निवेदन वडा कार्यालयमा बुझाए पछि वडाले तोकेको कर्मचारीले निवेदन दर्ता गर्ने र दर्ता (कोड) नं. चढाउने |
| २ | मिति ........................... | निवेदन भरेको मिति | लगत संकलक वा निवेदकले विवरण भरेको दिन लेख्ने |
| ३ | फोटो | परिवारमूली र निजको पति/पत्नी को हालसालै खिचेको स्पष्ट पहिचान हुने पासपोर्ट साइज को फोटो लिने, फोटोको पछाडी निवेदन फाराम नं. लेख्ने अनि फोटो टास्ने, एकल महिला वा पुरुषले आफ्नो मात्र फोटो टासे हुने | लगत संकलक वा निवेदकले निबेदन भर्ने समयमा |
| ४ | श्री गाउँ/नगर कार्यपालिकाको कार्यालय ..................गाउँपालिका/नगर पालिका/उप-महानगरपालिका /महानगरपालिका ................... | गाउँ वा नगर के हो, सोहिमा ठिक चिन्ह लगाउने, पालिकाको नाम लेख्ने, अनि पालिकाको ठेगाना लेख्ने | निबेदन भर्ने समयमा |
| ५ | भूमिहीन दलित ☐ / ☐ भूमिहीन सुकुम्बासी भएकोले जग्गा पाऊँ | भूमिहीन दलित भए भूमिहीन दलित र भूमिहीन सुकुम्बासी भए भूमिहीन सुकुम्बासीमा मात्र ठिक चिन्ह लगाउने | लगत संकलक वा निवेदकले निबेदन भर्ने समयमा |

| | | | |
|---|---|---|---|
| १.१ | परिवारमूलीको नाम | परिवारले मूली मानेको अनि उपस्थित नागरिकता प्राप्त व्यक्ति, अनुपस्थित ब्याक्तिलाई नमानिने, महिला वा पुरुष दुवै हुन सक्ने | |
| १.२ | नागरिकता प्र.प. नं./जिल्ला /जारी मिति | परिवारमूलिको नागरिकता अनुसार भर्ने | सबै भर्ने, फोटोकपी लिन नबिर्सने |
| १.३ | बाबुको नामथर | परिवारमूलीको बाबुको नाम थर | नागरिकताबाट पनि थाहा हुने |
| १.४ | आमाको नाम थर | परिवारमूलीको आमाको नाम थर | |
| १.५ | पति/पत्नीको नाम थर | परिवार मूली पुरुष भए पत्नीको नाम थर, परिवार मूली महिला भए पतिको नाम थर | |
| १.६ | पति/पत्निको ना.प्र.प. नं./जिल्ला/ जारी मिति | १.५ मा नाम हुनेको ना.प्र.प.नं./जिल्ला/जारी मिति लेख्ने | |
| १.७ | बाजे/ससुराको नाम, थर | परिवारमूली पुरुष भए हजुरबुवाको नाम, महिला भए ससुराको (श्रीमान का बाबुको नाम ) | |
| १.८ | मतदाता नं./ ठेगाना (पति पत्नि) | परिवारमूलीको मतदाता नं, परिवार मूलीको नभए पति/पत्नीको पनि राख्न सकिने | |
| १.९ | जन्म स्थान (प्रदेश/ जिल्ला) | परिवारमूली को जन्म भएको प्रदेश / जिल्ला | |
| १.१० | साविक गा.वि.स./न.पा./ वडा | परिवारमूली कुन ठाउँबाट आएको सो ठाउँ को साबिकको गाबिस वा नपा र वडा | |
| १.११ | स्थायी/हालको ठेगाना (प्रदेश/जिल्ला) | परिवारमूलीको स्थाई ठेगाना जुन हालको पनि हो | |
| १.१२ | गा.पा./न.पा./वडा/टोल | परिवारमूलीको हालको/स्थाई ठेगाना | |
| १.१३ | राष्ट्रिय परिचय पत्र नं | परिवारमूलीले राष्ट्रिय परिचय पत्र प्राप्त गरे, नगरे, -----------------लेख्दिने | परिचय पत्र नभए लेख्नु नपर्ने |
| १.१४ | सम्पर्क नं | परिवारमूलीको मोबाइल नं, वा फोन नं | |
| २.१ | नाम, थर | परिवारमूलीले भने अनुसार परिवारका सम्पूर्ण सदस्यको नाम थर, | |
| २.२ | लिङ्ग | पुरुष भए १, महिला भए २ अनि अन्य भए ३ लेख्ने | |
| २.३ | पूरा उमेर | परिवार मूलीले भने अनुसार पुरा भएको उमेर लेख्ने, कसैको नागरिकता बाट पनि थाहा हुने | |
| २.४ | नागरिकता प्र.प. नं./जिल्ला/ जारी मिति | नागरिकता प्राप्त प्रत्येक सदस्यको लेख्ने, नहुनेको *नभएको* लेख्ने<br>परिवारमूली र परिवारमूलीको पती वा पत्नीको नागरिकता नम्बर, माथि नै लेखिई सकेकोले पुन लेख्नु नपर्ने | |
| २.५ | पेशा | १. कृषि कार्य २ .अस्थायी रोजगारी ३. ज्याला मजदुरी ४. वैदेशिक रोजगारी ५ .व्यापार व्यवसाय ६.विधार्थी ७.बेरोजगार ८.नाबालक ९. अन्य | परिवारको मुख्य पेशा वा व्यवसायमा चिन्ह लगाउने र साईडको कोठामा सम्बन्धित |

| | | | |
|---|---|---|---|
| | | | संकेत नम्बर<br>१......लेख्ने<br>अन्य खुलाउने पर्ने |
| २.६ | परिवारमूलीको नाता | पत्नी/पति, छोरा, बुहारी, छोरी तेस्तै | |
| ३.१ | कित्ता कोड | घर घरमा गई फाराम भर्दा दर्ता(कोड) नं. थाहा भइ नसकेको हुदा सो कोलमको दाँयातर्फ हुने गरि १, २, ३, ४ मात्र लेख्ने, वडा कार्यालयमा दर्ता भएपछी मात्र दर्ता(कोड) थाहा हुने भएकोले पछि थप्ने | |
| ३.२ | वडा नं | जग्गा रहेको वडा नं | |
| ३.३ | टोल/गाउँ | आवाद कमोत गरेको जग्गा रहेको टोल/गाउँको नाम | |
| ३.४ | अनुमानित क्षेत्रफल | भएको स्थानमा जग्गा मापनको कुन एकाई चल्तीमा छ, सोहीमा चिनो लगाउने । उक्त कित्ताको जग्गा वसोवासको हो भने वसोवासको कोलम र कृषिको हो भने कृषिको कोलममा भर्ने । क्षेत्रफल लेख्दा रोपनी-आना-दाम-पैसा र विघा-कठ्ठा-धुर क्रमश लेख्ने । | |
| ३.५ | उपभोगको प्रमाण | दिएका विकल्प मध्ये भएका प्रमाणहरुमा चिन्ह लगाउने वा दाँयातर्फको कोठामा नम्बर लेख्ने । यसको उत्तर एक भन्दा बढि हुन सक्ने । | |
| ४.१ | माग गरेको जग्गाको जग्गाको प्रयोग | आवास वा कृषि मध्ये एक, निवेदकले भने अनुसार, दाँया कोठामा सो नम्बर लेख्ने | |
| ४.२ | भूमिहीन हुनुको कारण | दिएका विकल्प मध्ये भएका प्रमाणहरुमा चिन्ह लगाउने वा दाँयातर्फको कोठामा नम्बर लेख्ने । यसको उत्तर एक भन्दा बढि हुन सक्ने । | |
| ५ | बिगतमा सरकारद्वारा गठित आयोग, समिति वा कार्यदल समक्ष परिवारका सदस्यको तर्फबाट सुकुम्बासीको हैसियतले जग्गा प्राप्तिको लागि कुनै निबेदन दिएकोमा निवेदन माथि भएको कारबाहीको विवरण | कुनै विकप्प छान्ने<br>१ =.................जिल्लामा निवेदन दिएको तर कुनै कारबाही नभएको, २ = परिचय पत्र/निस्सा मात्र प्राप्त गरेको, जग्गा नपाएको, ३ = जग्गा पाउन हाल सम्म कुनै निबेदन नदिएको, ५ = अन्य ..............................(खुलाउने) | |
| ८ | आवाद कमोत गरेको जग्गाको प्रकृति | १ = आवाद लायक वा बसोबास योग्य ऐलानी जग्गा, २= पर्ती, नदी उकास लगायतका बसोबास वा खेती योग्य अन्य सरकारी जग्गा, ३ = साबिकको वन क्षेत्र जनिएको भएपनि आवादिमा परिणत भएको जग्गा, ४= धार्मिक सांस्कृतिक तथा सामरिक महत्वका क्षेत्रभित्रका जग्गा, ५= प्राकृतिक प्रकोप, विपद ब्यबस्थापन र वातावरण संरक्षणको दृष्टिबाट सुरक्षित | वडा सचिबले भर्ने |

| | | | |
|---|---|---|---|
| | | गर्न आवश्यक देखिएको जग्गा, ६ = सार्वजनिक जग्गा, ७ = नदि, खोला वा नहर किनाराको जग्गा, ८ = जोखिमयुक्त स्थानमा बसोबास गरिएको जग्गा, ९ = राष्ट्रिय निकुन्ज वा संरक्षित क्षेत्रको जग्गा, १० = रूख विरुवाले ढाकिएको बन क्षेत्रको जग्गा, ११ = सडक सिमाभित्रका जग्गा, १२ = कसैको निजि जग्गा, १३ = भूउपयोग क्षेत्र बर्गीकरणमा आबास वा कृषिको लागि उपलब्ध गर्न नसकिने जग्गा | |
| ९ | क्षेत्र | १ वा २ मधे जुन हो त्यहि लेख्ने | |